# सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको विशेष साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७९/०३/२० गतेको कारोबार राष्ट्रिय दैनिक)**

यस कम्पनीको मिति २०७९/०३/१३ गतेका दिन बसेको सञ्चालक समितिको ७०औं बैठकको निर्णय अनुसार विशेष साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समयः**

मितिः २०७९/०४/०६ (तद्नुसार २२/०७/२०२२), शुक्रबार

स्थानः होटल हिमालय, कुपण्डोल, ललितपुर

समयः दिउँसो ३:०० बजे

**छलफलका विषयहरुः**

**(क) सामान्य प्रस्तावः**

१. सञ्चालक समिति सदस्यहरुको निर्वाचन गर्ने सम्बन्धमा।
(निर्वाचन सम्बन्धी विस्तृत कार्यक्रम निर्वाचन अधिकृतको कार्यालय सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड टेकुमा टांस गरी प्रकाशित गरिएको छ।)

**(ख) विशेष प्रस्तावः**

१. नियामक निकायले तोके बमोजिम कम्पनीको अधिकृत तथा जारी पूँजी वृद्धि गर्ने सम्बन्धमा।

२. कम्पनीको पूँजी वृद्धि एवं अन्य व्यवस्थाहरु समेत समावेश गरी प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने र सो संशोधनमा नियमनकारी निकायबाट कुनै सुझाव वा निर्देशन भएमा सो लाई समावेश गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।

३. नियामकीय निर्देशन तथा समयानुकूल पूँजी वृद्धिको आवश्यकतालाई दृष्टिगत गरी भविष्यमा अन्य कुनै जीवन बीमा कम्पनीसँग एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने प्रयोजनको लागि उपयुक्त जीवन बीमा कम्पनीको पहिचान तथा छनौट गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि बीमा समिति समक्ष निवेदन दिने, आवश्यकता अनुसार सम्पत्ति तथा दायित्वको मूल्याङ्कन गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक तोक्ने तथा कम्पनी एकआपसमा गाभ्ने/गाभिनेसँग सम्बन्धित प्रचलित नियम, कानून तथा निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य एवं प्रक्रियाहरु पूरा गरी अख्तियार प्राप्त निकायबाट अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुले निर्देशन गरे बमोजिम विवरणहरु उपलब्ध गराउने लगायतका कम्पनी गाभ्ने/गाभिने सम्बन्धी अन्य आवश्यक कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धमा।

**(ग) विविध।**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

Citizen Life Insurance
समृद्धि तपाईंको, साथ हाम्रो

**सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
अम्बे कम्प्लेक्स, टेकु, काठमाडौं। फोन: ०१-५३१६०००
Email: info@citizenlifenepal.com | URL: www.citizenlifenepal.com